# बलेफी गाउँपालिका गाउँपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

### बलेफी,सिन्धुपाल्चोक

### बागमती प्रदेश, नेपाल

## लिलाम बिक्री सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति: २०७७ /०९/१० गते**

प्रस्तुत विषयमा बलेफी गाउँपालिकाको मिति २०७७/०८/११ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार बलेफी गाउँपालिकाक्षेत्रभित्र पर्ने सुनकोशी र ब्रम्हायणी नदीबाट अवैधरुपमा संकलन गरिएको बालुवा लिलाम बढाबढद्वारा बिक्री वितरण गर्नुपर्ने भएको हुनाले ईच्छुक फर्महरुबाट दरखास्त दिई निम्न अनुसारको शर्तहरुको अधिनमा रही बोलकबोल गर्नुहुन अनुरोध गरिन्छ ।

**शर्तहरु:**

१. बोलकबोलका लागि यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र रु. २,०००/- (अक्षरुपी दुई हजार मात्र) तिरी यस कार्यालयबाट बोलपत्र खरिद गर्नुपर्नेछ ।

२. कुनै पनि फर्मको सम्बन्धमा चालु आ.व.को लागि नविकरण भएको व्यवसाय दर्ता, इजाजत पत्र, प्यान दर्ता प्रमाण पत्र र आ.व. ०७६/०७७ को कर चुक्ता प्रमाण पत्रहरुको प्रतिलिपी यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

३. यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन मध्यान्न १२:०० बजेभित्र बलेफी गाउँपालिकामा बोलपत्र पेश गर्नुपर्नेछ । सोही दिन अपरान्ह १:०० बजे उक्त बोलपत्र बोलपत्रदाताको रोहबरमा खोलिनेछ ।

४. बोलकबोल गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट तोकिएको समयभित्र हुनेछ ।

५.लिलाम बिक्री हुने बालुवा जे जस्तो अवस्थामा छ, सोही अनुसार उठाउनु पर्नेछ ।

६. बोलकबोल गरेको रकमको १० प्रतिशत धरौटी स्वरुप एन आई सी एसिया बैंक लि., खाडीचौर शाखाको धरौटी खाता नं. J४CA०००३५७०५२४०५ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्नेछ ।

७. बोलकबोल स्वीकृत भएको फर्मले सम्झौता गर्न आउँदा आफूले कबोल गरेको सम्पूर्ण रकम यस गाउँपालिकाको एन.आई.सी. एसिया बैंक लि., खाडीचौर शाखामा रहेको आन्तरिक आम्दानी खाता नं. १९४CA५०००३५७०००७ मा जम्मा गरेको सक्कल भौचर समेत समावेश गर्नुपर्नेछ ।

८. यसमा उल्लेख भएका बाहेक अन्य कुराहरु आर्थिक नियमावली, २०६४ बमोजिम हुनेछ ।

९. एक वा एकभन्दा बढी स्थानको बालुवाको लागि बोलकबोल पेश गर्न सकिनेछ ।

१०. बालुवा रहेको स्थान र परिमाण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | स्थान | सामग्री विवरण | परिमाण | दर (प्रति घनमिटर) | न्युनतम रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | लाम्पाटा बगर | अप्रशोधित बालुवा | ३९१।१४ | ५००।४६ | १,९५,७४९।९२ | पुरानो |
| २. | लाम्पाटा बगर | अप्रशोधित बालुवा | ८१८।९१ | ५००।४६ | ४,०९,८३१।६९ | नयाँ |
| | | जम्मा | १२१०।०५ | ५००।४६ | ६,०५,५८६।१२ | |
| ३. | औंपबोटे | अप्रशोधित बालुवा | ३९४८।७६ | ५००।४६ | १९,७६,२००।४३ | |
| | | जम्मा | ३९४८।७६ | ५००।४६ | १९,७६,२००।४३ | |
| ४. | भोलुङ्गे | अप्रशोधित बालुवा | १०९०।५४ | ५००।४६ | ५,४५,७७१।६४ | नयाँ |
| ५. | भोलुङ्गे | अप्रशोधित बालुवा | ६५९।५५ | ५००।४६ | ३,३०,०८१।३९ | पुरानो |
| | | कुल जम्मा | ६८४३।४ | ५००।४६ | ३४,२५७,६३९।५८ | |